*ज्ञानदीप, विज्ञसमीक्षित जर्नल*
*वर्ष १०, अङ्क १, २०८१, असार, पृ. १–८*
*ISSN 2382–543X*
*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

# आमा जानुहोस् कथामा कथातत्त्व

अर्चना सापकोटा

शिक्षण सहायक, महेन्द्र बहुमुखी क्याम्पस, धरान

sapkotaa2076@gmail.com

## लेखसार

कथातत्त्वका आधारमा 'आमा जानुहोस्' कथाको विश्लेषण गरिएको प्रस्तुत लेखमा सूक्ष्मपठन तथा पाठविश्लेषण विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । प्राथमिक सामग्रीका रूपमा माया ठकुरीको 'आमा जानुहोस्' कथालाई र द्वितीयक स्रोतका रूपमा सम्बन्धित विषयमा लेखिएका टिप्पणी, भूमिका र लेखहरूलाई लिई कथाको सूक्ष्मपठन गरी अर्थापनका माध्यमबाट निष्कर्षमा पुगिएको छ । मुख्यतः विधातत्त्वका कथानक, चरित्रविधान, परिवेश, भाषाशैली, दृष्टिविन्दु र सारवस्तुलाई केन्द्रमा राखेर तिनैका आधारमा कथाको विश्लेषण गरिएको प्रस्तुत लेखबाट 'आमा जानुहोस्' कथा अल्पपैरेखिक कथानक ढाँचा, सीमित चरित्र योजना, सहरिया परिवेश, सरल–सहज भाषाशैली, प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग गरिएको कथाका रूपमा रहेको तथा यस कथाबाट हाम्रो सांस्कृतिक र सामाजिक संरचनाले ल्याएको विचलनले मानिसलाई कसरी स्वार्थी बन्न विवश गराउँछ भन्ने सारवस्तुलाई प्रस्तुत गरिएको निष्कर्षका प्राप्त भएको छ । यस कथामा विज्ञानको विकासले विश्वसम्पर्कलाई नजिक बनाए पनि मानिसलाई भने धेरै टाढा पुऱ्याउँदै लगेको विचारका साथै रोग लाग्नु, बुढो हुनु, सुर हराउनु र हरेक प्रकारले अशक्त हुनु कुनै पनि व्यक्तिको दोष नभएको कुरालाई तथा अग्रजहरूलाई कमजोर अवस्थामा सहयोग गर्नुको साटो विचलित बनाउने कार्य कसैले पनि गर्नु हुँदैन भन्ने वैचारिक दृष्टिकोणलाई प्रस्तुत गरिएको निचोड यस लेखबाट प्राप्त भएको छ ।

*शब्दकुञ्जी* : कुकृत्य, जन्मदात्री, पक्षघात, विचलन, साङ्केतिक

## विषयपरिचय

'आमा जानुहोस्' कथाको विधागत स्वरूपको कथातत्त्वका आधारमा विश्लेषण गर्नु यस लेखको विषय हो । 'आमा जानुहोस्' कथा कथाकार माया ठकुरीले लेखेकी हुन् । सामाजिक यथार्थवादी कथाकार माया ठकुरीले वि.सं. २०१६ सालमा बौलाही शीर्षकको कथा लेखेर नेपाली कथालेखन क्षेत्रमा प्रवेश गरेकी हुन् । ठकुरीको 'आमा जानुहोस्' कथासङ्ग्रह वि.सं. २०६४ सालमा प्रकाशित भएको हो । 'आमा जानुहोस्' कथा यस सङ्ग्रहभित्रको शीर्ष कथा हो । यस सङ्ग्रहभित्रका कथामा सामाजिक विषयवस्तुको प्रयोग गरिएको छ भने यो कथा पनि सामाजिक विषयवस्तुमा नै केन्द्रित छ । नेपाली कथाका तत्त्वहरूमा आधारित भएर प्रस्तुत कथाको अध्ययन गर्नु नै यस लेखको मुख्य अध्ययन क्षेत्र हो । विधागत स्वरूपमा केन्द्रित रहेको यस लेखमा प्रस्तुत कथामा मुख्यतः कथानक, परिवेश, चरित्रविधान, दृष्टिविन्दु र सारवस्तु के कस्तो रहेको छ भन्ने कुरालाई समस्या बनाई उक्त समस्याको प्राज्ञिक समाधान गर्न खोजिएको छ । मुख्यतः 'आमा जानुहोस्' कथामा नेपाली समाजको स्वरूपको विश्लेषण गर्दै यसको अभिप्रायको प्रयोगको स्थिति पत्ता लगाउनु र 'आमा जानुहोस्' कथाको विधातात्विक अध्ययन गर्नु यस लेखको उद्देश्य रहेको छ ।

'आमा जानुहोस्' कथासङ्ग्रहका कथाहरूका बारेमा उल्लेख्य मात्रामा टीकाटिप्पणीहरू भएका भए पनि प्रस्तुत कथाका बारेमा सीमित रूपमा अध्ययन भएको पाइए पनि विधातत्त्वका आधारमा चाहिँ सूक्ष्म रूपमा विश्लेषण गरिएको देखिँदैन । रामप्रसाद ज्ञवाली (२०६४) ले संवेदना र विवशताको यति जटिल र बेचैनीपूर्ण कथा नेपालीमा कमै भएको कुरा उल्लेख गरेका छन् भने सुष्मा आचार्य (२०६६) ले 'आमा जानुहोस्' कथाको विश्लेषण गर्दै मध्यमवर्गीय परिवारको अवस्थालाई केन्द्रमा राखी त्यसको चित्रण गर्न कथा सफल भएको सङ्केत गरेकी छिन् । गोविन्दराज भट्टराई (२०६५) ले व्यक्तिको पहिलो पाठशालाका रूपमा रहेको परिवार टुट्दै गएको तथ्यलाई देखाउन कथा सफल भएको उल्लेख गर्दै उनले आज परिवारलाई एउटै सूत्रमा बाँध्ने प्रेम, स्नेह, विश्वासजस्ता कुराहरू खिइँदै गएको नेपाली समाजको कमजोर तथ्यलाई देखाउन कथा सफल बनेको सङ्केत गरेका छन् । त्यसै गरी भवानी घिमिरे (२०६६) ले कथाकारको व्यक्तित्वको प्रशंसा गर्दै पीडाको पहाड बोकेर छातीमा जमेको पिरैपिरको पोखरीमा पौडिँदै वृद्धावस्था बाँच्न बाध्य हुनुपर्ने मानिसको कारुणिक अवस्थाको चित्रण गर्न प्रस्तुत कथा सफल भएको उल्लेख गरेका छन् । यसरी विभिन्न सन्दर्भमा समीक्षकहरूले प्रस्तुत कथामाथि टिप्पणी गरेको भए तापनि विधातात्विक आधारमा समग्र रूपमा अध्ययन र विश्लेषण नभएको हुनाले यो अध्ययनमा विधागत तत्त्वका आधारमा यस कथाको स्वरूपलाई केलाउन खोजिएको हो ।यस कथाका बारेमा जानकारी लिन चाहने लेखक र पाठकहरूका लागि यो लेख उपयोगी हुने भएको हुनाले यो लेख औचित्यपूर्ण छ । यस लेखमा नेपाली कथा विधाका कथानक, चरित्रचित्रण, परिवेश, दृष्टिविन्दु, भाषाशैली र सारवस्तुजस्ता तत्त्वका आधारमा मात्र अध्ययन गरिएको छ । यसबाहेकका अन्य पक्षको अध्ययन नगरिएको हुनाले ती यसका सीमाका रूपमा रहेका छन् ।

## अध्ययनविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान विधिमा आधारित छ । यस लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतहरूबाट सामग्रीसङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा माया ठकुरीको 'आमा जानुहोस्' कथालाई उपयोग गरिएको छ भने द्वितीयक स्रोतका सामग्रीका रूपमा सम्बन्धित विषयमा लेखिएका टिप्पणी, भूमिका र लेखहरूलाई लिइएको छ । पूर्ण रूपमा पुस्तकालयीय स्रोतका सामग्रीको उपयोग गरिएको यस लेखमा सूक्ष्म पठन तथा अर्थापन विधिको प्रयोगबाट निष्कर्षमा पुगिएको छ ।

## नतिजा र छलफल

### कथानक

म पात्रको घरमा छयासी वर्षकी आमा छिन् । जो कोठामा पस्नासाथ कोठै ह्वास्स गन्हाउँछ । आमाको यो अवस्थाबाट म पात्रकी बाह्र वर्षीया छोरी सुमी,  चौध वर्षीय छोरो मनीषसँगै श्रीमती मानवी सबैले नाक खुम्च्याउँछन् र एकअर्काको अनुहार हेर्दै मुखामुख गर्दछन् । यो कुरा म पात्रलाई मन पर्दैन र आमालाई कोठामा जान  अनि आराम गर्न भन्दछन् । यही कुरामा जोड दिँदै बुहारी मानवीले पनि यी भुराभुरीसँग बस्नुभन्दा कोठामै आरामले सुत्नुहोस् भन्छिन् । यहीँबाट कथाको कथानक अघिबढेको छ ।

छोराबुहारीको कुरा सुनेपछि आमा केही नबोली छोरो गोकुललाई एकोहोरो हेरिरहन्छिन् । त्यो हेराइभित्रका आमाका विषादपूर्ण दृष्टिमा निहित असङ्ख्य गुनासाहरूले म पात्र मर्माहत भए पनि ऊ मौन रहन बाध्य भएको देखेर आमा शिथिल गतिमा आफ्नो कोठातिर लाग्छिन् । अहिलेको पारिस्थितिक अवस्था जेजस्तो भए पनि म पात्रलाई आमालाई पनि हामीसँग बसेर कुरा सुन्न मन लाग्छ, सँगै बसेर टिभी हेर्न मन लाग्छ र पारिवारिक न्यानो स्पर्शलाई

अनुभूत गर्न मन लाग्छ भन्ने कुरा थाहा छ तर आमाले चाहेअनुरूप केही नभइरहेकोमा गोकुल दु:खी बन्छ । उसलाई आमाको दयनीय अवस्था देखेर मनमनै वेदनाले कृतघ्न महसुस हुन्छ । विवशताको सिकार भएर ऊ चाहेर पनि आफ्नी जन्मदात्री आमालाई खुसी दिन नसकेकामा पश्चात्ताप गर्दै आफैँलाई धिक्कार्छ । म पात्र आमाले आफूलाई टुहुरो अवस्थाबाट हुर्काउन, पढाउन र बढाउन गरेका अनेकौँ सङ्घर्ष सम्झँदै आमाले आफ्नो घरगृहस्थीमा मात्र होइन आफ्ना नाबालक छोराछोरीलाई हुर्काउन र हेरचाह गर्नमा समेत आमाले पुऱ्याउनु भएको योगदान सम्झन्छ । काठमाडौँजस्तो महङ्गो ठाउँमा डेरामै बस्ने गरेको भए पनि पतिपत्नी दुबै जागिरे भएका कारण बागबजारको गल्लीभित्र एउटा घरमा ससाना चारओटा कोठा लिएर छोराछोरीलाई बोर्डिङ स्कुलमा पढाउन म पात्रको परिवार सक्षम भएको हो । वर्ष दिनदेखि आमाको स्याहारसुसार गर्न मानवीले जागिर छोडेको, साथीभाइले आमाको हेरचाह गरेकोमा प्रशंसा गर्दै उसलाई भाग्यमानी ठाने पनि आमालाई आफूसँग राख्दा व्यहोर्नु परेको भोगाइको मर्म भनिनसक्नु भएको मनमनै म पात्रले स्वीकार गर्दछ ।

म पात्र मनोगत रूपमा आफ्नो बाल्यकाल सम्झँदै आफ्ना हरेक क्रियाकलाप आमासँग जोडिएको सम्झन्छ । आमाले बैँसका बेला अचानक वैधव्यको मार खप्नु परेको, आफ्ना सम्पूर्ण इच्छाआकाङ्क्षालाई वशमा पारी जीवनभर सङ्घर्ष गर्नु परेको सम्झँदै ऊ भित्रभित्रै भुटभुटिन्छ । जुन आमाले दशनङ्ग्रा खियाएर अर्काको कुटोकोदालो गरी आफूलाई हुर्काउन जेठाजु र देवरहरूबाट अनेकौँ लाञ्छना र अपहेलना सहँदै आफ्नो लक्ष्यमा अडिग भएर मलाई यत्तिको गरिखान सक्ने बनाइन् । आज तिनै आमा पक्षघात भएर थलिँदा मसँगसमेत टाढिनु परेकोमा उसलाई लज्जाबोध हुन्छ । आमाको आकस्मिक बिरामी र अर्धपक्षघातका कारणले म पात्रको परिवारमा समस्या भएको छ । स्वस्थ हुँदा पनि बुढ्यौलीका कारण प्रशस्त भरथेग गर्नुपर्ने अवस्थामा आमा भइदिँदा जटिलता थपिन्छ । अझ आमाको मलमूत्र नै नियन्त्रण हुन नसक्दा म पात्रको पारिवारिक समस्या चरमचुलीमा पुग्छ । एकातिर आमाबाट छोराछोरी घिनाएर घरमा बस्न नमानेर समस्या हुन्छ भने अर्कातिर एक जनाले जागिर छोड्नुपर्ने र अर्कोले बेतलबी बिदामा बस्नुपर्ने अवस्था भएको हुन्छ । यसरी आमाका कारण पारिवारिक समस्याको चङ्गुलमा फसेको म पात्र गोकुल आमालाई यसरी बेस्याहार पार्नुभन्दा सुविधा सम्पन्न वृद्धाश्रममा राख्ने कि भन्ने मोडमा पुग्छन् । यद्यपि आफूले सुनेको कथाका कारण वृद्धाश्रममा आमालाई थन्क्याउन सक्दैनन् । यता परिवारमा छिछि दुरदुर र एउटा कोठामा मात्रै सीमित भएर बस्नुपर्दा आमाको मानसिक अवस्था कमजोर बन्दै जान्छ । यही न्यास्रो मेट्न आमा कसैलाई नभनी कहिले घर बाहिर त कहिले कता हिँड्न थाल्छिन् । यी क्रम बढ्दैजाँदा कहिले दिनभर लाग्न थाल्छ र गोकुलको परिवारमा समस्यामाथि समस्या थपिन्छ । त्यसैले आमालाई सबैले कोठामै बस्न र आराम गर्न अनुरोध गर्छन् । यसरी मनोगत अतीतको गहिरो अनुभूतिभित्र रुमलिँदै प्रस्तुत कथाको कथानक टुङ्गिएको छ ।

**चरित्रचित्रण / पात्रविधान**

कथामा पात्र भन्ने बित्तिकै हामी मान्छे भन्ने बुझ्छौँ तर कथाकारले मानवेतर जुनसुकै किसिमका पात्रलाई पनि सजीव रूपमा कथामा उतार्न सक्दछ । कथाकारले आफ्नो खुसीअनुसार धनी, गरिब, उच्च, नीच, महिला, पुरुष, पागल, बालक, शिक्षित, अशिक्षित आदि मानव, मानवेतर प्राणी वा पशुपक्षी जेसुकैलाई र जस्तासुकै प्रवृत्तिका पात्रलाई कथामा उतार्न सक्दछ (आचार्य र बस्नेत, २०६३, पृ. ३१२) । 'आमा जानुहोस्' कथामा काठमाडौँ उपत्यकाभित्रको मध्यमवर्गीय परिवारको चित्रण गरिएको छ । यस कथामा मूलत: प्रमुख पात्र एक वृद्धा नारी हुन् । यी वृद्धा नारीको सेरोफेरोमा यो कथा संरचित छ । सहायक पात्रका रूपमा गोकुल र उनकी पत्नी रहेका छन् । त्यसैगरी गोकुल र मानवीका छोराछोरीका रूपमा आएका दुई बालबालिका मनीष र सुमी गौण पात्रका रूपमा रहेका छन् ।

नेपथ्यको भूमिका खेल्ने घरबेटी प्रतिकूल पात्रको रूपमा उपस्थित छ । यहाँ कथाका पात्रहरूको भूमिकाका आधारमा सामान्य विश्लेषण गरिएको छ :

### *वृद्धा नारी/आमा*

आमा 'आमा जानुहोस्' कथाको कथानकका दृष्टिले प्रमुख नारी पात्र भए तापनि भूमिकाका आधारमा गौण पात्र हुन् । उनी गोकुलकी आमा र मानवीकी सासूआमा हुन् भने मनीष र सुमीकी हजुरआमा हुन् । भरभराउँदो बैँसका बेला अचानक वैधव्यको मार सहन बाध्य भएकी, आफ्नो इच्छालाई बलि दिएर जीवनभर सङ्घर्ष गर्ने एक आदर्श नारी पात्र आमा प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् । दश नङ्ग्रा खियाएर आफ्नै जेठाजु र देवरहरूबाट अनेकौँ लाञ्छना, अपहेलना र तिरष्कार सहेर आफ्नो छोराको जीवन बचाउने र बनाउने लक्ष्यमा अडिग भई छोरालाई शिक्षाको बाटोतर्फ अग्रसर गराउने उनी सामाजिक सम्बन्धका आधारमा मध्यम वर्गीय सङ्घर्षशील नारी हुन् । आज तिनै नारी पक्षघातको सिकार भएर जताततै मलमूत्र चुहाउँदै टिठलाग्दो जीवन व्यतीत गर्नुपरेको अवस्था छ । त्यसैले स्वभावका आधारमा आमा गतिशील पात्र हुन् । टुहुरो छोरालाई हुर्काउन, बढाउन गरेको सङ्घर्ष र त्यसपछि आफ्ना नातिनातिनाहरूलाई हुर्काउन, बढाउन र छोराको घरगृहस्थीमा समेत ठुलो सहयोग पुऱ्याएकी आमा जीवनको उत्तरार्धमा भने तिनै सन्तानबाट तिरष्कृत बनेकी छिन् । आज पक्षघातका कारणले राम्ररी हिँडडुल गर्न नसक्नु, छोराले हकार्दा सानी बच्चीझैँ निधार खुम्च्याएर आँखाबाट आँसु झार्नुबाहेक उनमा अर्को कुनै विकल्प देखिँदैन । यसरी प्रस्तुत कथाको कथानकको कार्यव्यापार वृद्ध आमाकै वरिपरि घुमेको हुनाले आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

### *गोकुल*

'आमा जानुहोस्' कथाको मुख्य सहायक पात्रका रूपमा गोकुलको उपस्थिति रहेको छ । मध्यमवर्गीय परिवारको प्रतिनिधित्व गर्ने काठमाडौँजस्तो महङ्गो ठाउँमा डेरामा बस्ने गोकुल आबद्धताका आधारमा बद्ध पात्रका रूपमा प्रस्तुत भएको छ । बागबजारको एउटा गल्लीभित्र चारओटा ससाना कोठा भएको डेरामा बसेर छोराछोरी बोर्डिङ स्कुलमा पढाउने, दोस्रो पुस्ताको जिम्मेवारीलाई बहन गर्न चाहने तर व्यावहारिक कारण देखाएर जटिल मानसिकतामा रुमलिएको आसन्नताका आधारमा मञ्चीय पात्र हो गोकुल । दायित्वबोध र व्यावहारिकताको दोसाँधमा उभिएर न आमाप्रति पूर्णत: मातृभाव राख्न गोकुलले सकेको छ न त परिवारमा शान्ति कायम गर्न नै सकेको छ । केवल मानसिकतामा ठुलो रोग लिएर उसले जीवनलाई बोझको रूपमा लिई बाँच्न विवश बनेको ऊ स्वभावका आधारमा गतिशील, लिङ्गका आधारमा पुरुष पात्र हो भने प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । उसले आमाको मर्म र भावनालाई नबुझेको पनि होइन । आमाले आफ्ना लागि गरेका सङ्घर्ष, पीडा र व्यथाहरू उसलाई सबै थाहा छ । आमाप्रति संवेदनशील पनि मान्न सकिन्छ किनभने आमालाई गाली गर्दा गोकुल आफैँ दु:खित भएको छ । त्यसैले पात्रविधानका दृष्टिले गोकुल सामान्य नेपाली समाजको एक प्रतिनिधि पात्रका रूपमा कथाकारले उसलाई प्रस्तुत गरेका छन् । एकातर्फ आर्थिक समस्या र अर्कोतर्फ पारिवारिक असमझदारी बढ्दै गएको देखिन्छ । अर्धपक्षघातका कारण आमाको दिशापिसाब नियन्त्रण हुन नसकेपछि आमालाई गाली गर्दा र आमाले भक्कानो फुटाएर रोएको देख्दा आफ्ना आँखाबाट पनि आँसु चुहाउने गोकुल कथाको मञ्चीय पात्र हो । पारिवारिक समस्या समाधान गर्नका लागि आफ्नी जन्मदात्रीलाई वृद्धाश्रममा लाने सोचाइसम्म बनाएको गोकुल आमालाई अगाध प्रेम गर्ने हुनाले आमालाई वृद्धाश्रममा लान पनि सक्दैन । त्यसैले ऊ आत्मनिर्णयमा अडिग हुन नसक्ने मानसिक विचलनबाट ग्रसित निम्नमध्यम वर्गीय पात्र हो । यति हुँदाहुँदै पनि आमाको भावनालाई थोरै भए पनि बुझ्ने प्रयत्न नगरी एउटा कोठामा बन्दी जीवन

बिताउन, परिवारसँग बस्ने चाहना, नातिनातिना र छोराबुहारीसँग बस्ने आफ्नी आमाको भावनालाई बुझ्न नसक्ने दोस्रो पुस्तालाई प्रतिनिधित्व गर्ने पात्र हो ।

***मानवी***

'आमा जानुहोस्' कथाको दोस्रो सहायक नारी पात्रका रूपमा मानवीको उपस्थिति रहेको देखिन्छ । पक्षघातका कारण टिठलाग्दो जीवन बिताउन विवश आफ्नी सासूआमाप्रति उनको व्यवहार सुरुमा राम्रै भए पनि पछिल्लो समयमा राम्रो नदेखिएका कारण उनी गतिशील पात्र हुन् । मानवी आफैँ नारी भएर पनि अर्की नारीप्रति उनले गरेको व्यवहारले नारीको शत्रु नारी नै हुन्छन् भन्ने कुरा उनको चरित्रले देखाएको छ । आफूलाई जन्मदिने आमालाई छोडेर आएकी मानवीले कर्म दिने आमालाई आफ्नी जन्मदात्रीलाई जस्तै गर्नुपर्छ तर मानवीले यसो गर्न सकेको देखिँदैन । आमाको स्याहारसुसारको लागि जागिर छोड्नु परेपछि आर्थिक समस्या आउँछ भन्दै आफ्नो दायित्वबाट पन्छिन पनि मिल्दैन । पक्षघात भएर सुर हराएकी आमालाई "आमा, तपाईं किन यसरी हामीलाई दुःख दिनुहुन्छ" भनेर दिग्दारीको सबै रोष उतार्छिन् (भण्डारी र अन्य,२०६६, पृ. १५०) । मानवीका यी कुराले गर्दा सासूआमाप्रति दिक्क भएकी मानवी प्रवृत्तिका आधारमा प्रतिकूल नारी पात्र हो । आफ्नी सासू आमाप्रति यस्तो भाषा प्रयोग गर्ने बुहारीको मानसिक अवस्था सासूप्रति अव्यावहारिक र झर्कोपन सजिलै देख्न सकिन्छ ।

***मनीष***

प्रस्तुत कथाकी प्रमुख पात्र आमाको नाति, गोकुल र मानवीको छोरो र सुमीको दाजु हो । कथामा मनीषको सक्रिय भूमिका छैन । कथाको कथानकभित्रको नेपथ्यमा मात्र सीमित भएको हुनाले ऊ यस कथाको गौण पात्र हो । चौध वर्षीय मनीष बिरामी हजुरआमाबाट टाढिन चाहन्छ । हजुरआमाको वृद्ध शरीर उसलाई गन्हाउने भएको छ । बुढापाकालाई माया गर्नुपर्ने ठाउँमा उसले पनि आफ्ना बाआमाजस्तै व्यवहार गरेका छन् । घर कोठा गन्हाउन थालेपछि राम्ररी खान पनि छोडिसकेका छन् । मनीषले हजुरआमाप्रति गर्ने माया, स्नेह र सद्भाव देखिँदैन । उभित्र हजुरआमाप्रति कुनै श्रद्धा छैन बरु अव्यक्त रूपमा उहाँको वृद्धावस्थाप्रति घृणा गरेको देखिन्छ । हुन त छोराछोरीले सिक्ने भनेकै आफ्ना बुबाआमाबाट नै हो । बाबुआमाले नै नाक खुम्च्याउन र छिछि दुरदुर गर्न थालेपछि उसले पनि सिक्ने त्यहीँबाट हो । त्यसैले प्रस्तुत कथामा गौण पात्रका रूपमा आएको मनीष घरकी वयोवृद्ध अभिभावक हजुरआमाप्रति अनुदार पात्रका रूपमा कथामा प्रस्तुत भएको हुनाले ऊ यस कथाको मञ्चीय एवम् गौण पात्र हो ।

***सुमी***

बाह्र वर्षीया सुमी गोकुल र मानवीकी कान्छी छोरी हुनका साथै मनीषकी बहिनी र हजुरआमाकी एक मात्र नातिनी हो । सुमीको उपस्थिति पनि कथामा गौण पात्रका रूपमा भएको छ । कथाको कथानकलाई केन्द्रीय कथ्यसँग जोड्ने कार्यमा गौण रूपमा मात्र सुमीको उपस्थिति अप्रत्यक्ष ढङ्गमा रहेको हुनाले ऊ पनि प्रस्तुत कथामा गतिहीन र गौण पात्रका रूपमा देखापरेकी छ । सुमी कथाको मूल कथानकमा नआएर अप्रत्यक्ष रूपमा मात्र प्रयोग भएकी हुनाले ऊ आजको नेपाली समाजकी तेस्रो पुस्ताकी जल्दोबल्दो उदाहरण पनि हो । सुमीजस्ता हाम्रो समाजमा धेरै बालबालिकाहरू छन् जो घरमा रहेका आफ्नै आफन्त वृद्धवृद्धाहरूको सहयोगी बन्नुभन्दा पनि मोजमस्तीमै केन्द्रित रहेका छन् । त्यसैले सुमी प्रस्तुत कथाकी निष्क्रिय एवम् गौण पात्र हो ।

पात्रचयनका दृष्टिले सीमित पात्र गठनमा रचना गरिएको 'आमा जानुहोस्' कथामा उल्लिखित पात्रहरूका अतिरिक्त घरबेटी पनि गौण रूपमा आएको देखिन्छ । मुख्य सहायक पात्र गोकुलका संस्मरणमा प्रतिकूल बनेको कथनबाट यस कथाको प्रतिकूल गौण पात्रका रूपमा गोकुलको घरबेटी आएको छ । त्यसैले ऊ आपतका बेला सहयोग र सद्भाव बाँढ्नुभन्दा असहयोगी बनेर घाउमा अझ नुनचुक थप्न उद्यत हुने एउटा सहरिया परिवेशको घरमालिकका रूपमा देखाइएको छ । यसले पनि ऊ कथाको गौण खलनायक चरित्र हो भन्ने कुरालाई पुष्टि गरेको छ । अत: योभन्दा बढी छुट्टै शीर्षकमा घरबेटीको चरित्रचित्रण गर्नु आवश्यकता देखिँदैन ।

**परिवेश**

कथाकार माया ठकुरीद्वारा लिखित 'आमा जानुहोस्' कथा सहरी परिवेशमा रचना गरिएको उत्कृष्ट सामाजिक कथा हो । समसामयिक अवस्थाका दोस्रो पुस्ताको मानसिकतामा आएको एकोन्मुखतालाई कथाको पृष्ठभूमि बनाइएको छ । मध्यम वर्गीय पारिवारिक अवस्था र आर्थिक समस्यालाई समेत प्रभावशाली रूपमा पृष्ठभूमिमा उभ्याइएकोले कथा विश्वसनीय बनेको छ (भण्डारी र अन्य, २०६६, पृ. १४६) । यस कथामा नयाँ पुस्ताले पुरानो पुस्तालाई  हेर्ने दृष्टिकोण, असहज परिस्थितिबाट उत्पन्न समस्यालाई पनि कथाको परिवेश बनाइएको छ । गोकुलको परिवार काठमाडौँमा स्थायी बसोबास गर्ने नभई अरू कुनै ठाउँबाट जागिरका सिलसिलामा आएर बसेको कुरा कथाबाट प्रस्ट हुन्छ । आफ्ना बुबाआमा क्रमश: वृद्ध हुँदैजानु, तिनीहरूप्रति जिम्मेवारी बढ्दैजाँदा उक्त जिम्मेदारीलाई दोस्रो पुस्ताले चाहेर पनि सहजै स्वीकार्न नसक्दा त्यो खतरनाक रोग बन्न पुग्नु आजको सहरिया परिवेशको यथार्थ हो भन्ने कुरालाई कथाकारले गोकुलको परिवारका माध्यमबाट प्रस्तुत गरेकी छन् । अझ त्यसमाथि पनि हरबखत हेर्नुपर्ने, स्याहारसुसार गर्नुपर्ने, मलमूत्र एकैठाउँ हुँदा त्यो झनै टिठ लाग्दो बन्नपुग्छ । यस कथामा पनि म पात्र आमालाई अनिवार्य रूपमा गर्नैपर्ने कर्तव्यदेखि बाहेक आत्मिक र भावनात्मक सम्बन्ध जोड्न असमर्थ भएको देखिन्छ । यी सबैको मुख्य कारण सहरिया परिवेशमा हुने आर्थिक गतिविधि हो । सहरमा एकजनाको कमाइले परिवार चलाउन अत्यन्त कठिन हुन्छ । छोराछोरीलाई बोर्डिङ पढाएर बिरामी आमालाई उपचार गर्दै सन्तानको कर्तव्य गोकुलले पूरा गर्नसक्ने स्थिति चाहेर पनि सम्भव देखिँदैन । यसैको असर गोकुलमाथि परेको अनुमान उसका व्यवहारबाट झल्किन्छ । त्यसैले सहरिया जीवन हेर्दा जति सुखी देखिन्छ त्यति नै मर्मभेदी पनि छ ।

**दृष्टिविन्दु**

'आमा जानुहोस्' कथा प्रथम पुरुषीय केन्द्रीय दृष्टिविन्दुमा संरचित समसामयिक नेपाली कथा हो । यस कथामा कथाकार स्वयम् कथयिता बनेर म पात्रका रूपमा प्रस्तुत भएकी छन् । कथाकारले अनुभव गरेका, भोगेका र देखेका कुराहरूलाई प्रस्तुत कथाको विषयवस्तु बनाएर कथामा प्रस्तुत गरेकी हुनाले यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग रहेको छ । कथाकार आजको पुस्ताको मान्छेले आफ्ना अग्रज र परिवारलाई मिलाएर लान खोज्दा भोगेका समस्या बाधाव्यवधान सङ्कट आदिलाई यस कथाका दृष्टिविन्दुमार्फत् देखाउन सफल भएकी छन् ।  आफ्नी जन्मदात्रीप्रति आफ्नो कर्तव्य पूरा गर्ने कोसिस गर्दागर्दै पनि नियतिले आफ्नी आमा पक्षघात हुनु, श्रीमतीले जागिर छाड्नु, छोराछोरी घरमा बस्न खासै नरुचाउनु, घरबेटीले घर छाड्न आदेश दिनु, आमा घर छोडेर हिँड्न थाल्नु, आफैँले जागिरबाट बिदा लिनुपर्ने अवस्था आउनुजस्ता समस्याले म पात्रलाई विचलित बनाएको देखिन्छ । आमालाई वृद्धाश्रममा लगेर राख्ने विचार म पात्रमा नआएको भने होइन तर वृद्धाश्रमबाट समस्याको समाधान हुँदैन भन्ने देखिएपछि म पात्र तनावग्रस्त अवस्थामा पुगेको छ । यस कथाका पुरुष पात्रमार्फत् कथाकारले आजको दोस्रो

पुस्ताको मानसिकताको चित्रण गर्न म पात्र खडा गरी उसैका माध्यमबाट आफ्ना कुरा प्रथम पुरुषीय दृष्टिविन्दुमा प्रस्तुत गरेका छन् । त्यसैले पनि प्रस्तुत कथामा दृष्टिविन्दु उत्कृष्ट रहेको देखिन्छ ।

**भाषाशैली**

समाजमा घटेका घटनालाई यथार्थपरक रूपमा प्रस्तुत गर्ने कथाकार माया ठकुरीले 'आमा जानुहोस्' कथामा समसामयिक घटनालाई सरल भाषाशैलीमा प्रस्तुत गरेकी छिन् । उनले यथार्थपरक भाषालाई सरल, सरस र स्वाभाविक रूपमा प्रस्तुत गरेकी छिन् । कथामा छयासी वर्षीय आमालाई केन्द्रमा राखेर उनीबाट सृजित उहापोहलाई कलात्मक रूपमा चित्रण गरिएको छ (पौड्याल, २०७९, पृ. ९५) । प्रयुक्त भाषाले पात्रहरूको स्तर र क्षमतालाई निकै सचेततापूर्वक प्रस्तुत गरेकी छिन् । त्यसैगरी यस कथामा व्यावहारिक समस्याले आक्रान्त बनेका बेला पात्रहरूका इच्छाआकाङ्क्षालाई प्रस्तुत गर्ने भाषा झनै प्रभावकारी देखिन्छ; जस्तै :

> आमा, तपाईं किन हामीलाई दु:ख दिनुहुन्छ ? तपाईंको स्याहारसुसार गर्नु परेका कारण मैले जागिर पनि छाड्नु परेको छ । काठमाडौँजस्तो ठाउँमा एउटाको कमाइले घर धान्नु र तपाईंलाई औषधोपचार गर्नु कस्तो गाह्रो हुन्छ । त्यो तपाईं बुझ्न सक्नुहुन्न । भएन यसरी जतिबेला मन लाग्यो त्यतिबेला तपाईं उठेर जता मन लाग्यो त्यतै हिँडिदिने ? अब त साह्रै दिक्क लागिसक्यो । (ठकुरी, २०६६, पृ. ४)

यसरी आफूलाई कर्मदिने आदरणीय सासूप्रति बुहारीको यस्तो भाषा प्रयोगले बुहारीको सासूप्रति झर्कोपन सजिलै बुझ्न सकिन्छ । आफ्ना अग्रजहरूप्रति बोझ ठान्ने मानसिकतालाई उक्त अभिव्यक्तिले प्रस्ट पारेको छ । त्यसैगरी "हरेक वृद्धावस्थामा असाध्यै रोगले ग्रसित भएर सुर हराएपछि मानिसको अवस्था कति दीनहीन र कति टिठलाग्दो हुँदो रहेछ । यसरी अर्काको दयाको पात्र भएर जिउनुभन्दा त बरु मृत्यु नै दु:खदायी होला (ठकुरी, २०६६, पृ. ४)।" भन्ने अभिव्यक्तिमा प्रयोग गरिएको भाषाले छोराको मानसिकता आफ्नी जन्मदात्रीप्रति कस्तो रहेछ भन्ने प्रस्ट पारेको छ । जुन छोराको लागि आमाले वैधव्यको मार सहँदै दशनङ्ग्रा खियाएर आफ्नै जेठाजुदेवरबाट अनेकौँ लाञ्छना सहेर छोरालाई आजको यो अवस्थासम्म पुर्‍याउने आमाका निम्ति छोराको यो भाषा अत्यन्तै अशोभनीय छ । प्रस्तुत कथामा यस्ता नेपाली समाजमा देखिने यथार्थलाई कथाकार माया ठकुरीले अति नै सरल, सहज र स्वाभाविक रूपमा प्रस्तुत गरेकी छन् । अत: प्रस्तुत कथामा प्रयुक्त भाषाविन्यास प्रभावकारी रहेको देखिन्छ ।

**सारवस्तु**

आजको मान्छे एकल परिवारतर्फ उन्मुख भएको देखिन्छ । सामाजिक रूपमा आलोचना हुने डरले आफ्ना अग्रजहरूलाई त्याग गर्न पनि नसक्नु र पूर्ण रूपमा आत्मसाथ गर्न पनि नसक्नु आजको दोस्रो पुस्ताको मूल समस्या हो । अग्रजहरू स्वस्थ रहुन्जेल र आम्दानी भइरहुन्जेल उनीहरूलाई गर्ने व्यवहार बेग्लै हुन्छ । अग्र पुस्तासँग जब स्वास्थ्य, आम्दानी र सामर्थ्यजस्ता कुराहरू समाप्त हुन्छन् त्यसपछि भने दोस्रो पुस्ताको व्यवहारमा परिवर्तन आउने गर्दछ । त्यसमा पनि सहरिया परिवेशमा त झन वृद्धवृद्धाको अवस्था अत्यन्त टिठलाग्दो र कारुणिक रहेको देखिन्छ । व्यक्तिगत स्वार्थ आजको पुस्तामा हावी भएको छ । आफ्नो कर्तव्यदेखि पन्छिन खोज्ने अनि युगलाई दोष दिएर आफ्नो दायित्वदेखि भाग्न खोज्नेले दोस्रो पुस्तालाई बदनाम गराएको तथ्य यस कथामा व्यक्त भएको छ । बुढो हुनु, रोग लाग्नु र केही गर्न नसक्ने अशक्त हुनु मान्छेको रहरको विषय नभई प्राकृतिक नियमहरूका उपज भएकाले आज अग्रजहरूले भोगेको समस्या भोलिको मेरो पनि समस्या हो भन्दै आफ्ना भविष्यको स्मरण गर्दै पुराना पुस्तालाई सम्मान र उनीहरूसँग भावनात्मक सम्बन्धका साथै आत्मीय व्यवहार प्रदान गर्नुपर्छ भन्ने सारवस्तु यस कथामा रहेको छ ।

## निष्कर्ष

कथाकार माया ठकुरीको 'आमा जानुहोस्' कथामा सामाजिक विषयवस्तुलाई कुनै रङरोगन नगरीकन यथार्थ रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा एउटी आमाले सन्तानका निम्ति गरेको त्याग र त्यस त्यागको फल के कसरी एवम् कस्तो रूपमा पाएकी छन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ । वृद्ध भएकै कारण र त्यसमाथि पनि पक्षघातका कारणले सुर हराएपछि आफ्ना छोराबुहारी र नातिनातिनाको अपमान, घृणा र तिरष्कारबाट उनी विक्षिप्त भएकी छन् । अर्धपक्षघातका कारण आमाले आफ्नै सन्तानको आत्मीयताबाट विमुख भएको तथ्यलाई यस कथामा प्रस्ट पारिएको छ । बुढ्यौलीमा अनायास आइलागेको अशक्तताका साथै रुग्ण अवस्थाले निम्त्याएको असहज परिस्थितिबाट उनले जीवनका प्रत्येक पलमा अभिघात सहेकी छन् । जुन आमाले अनेक किसिमका दु:खकष्ट सहेर आफ्नो लक्ष्यप्रति अडिग भई छोरालाई योग्य र सक्षम बनाइन् तिनै आमा आज अर्धपक्षघातका कारण अत्यन्तै टिठलाग्दो अवस्थामा पुगेकी छन् । जतिबेला सबैको स्नेहको आवश्यकता पर्दछ, त्यही बेला प्रस्तुत कथाकी प्रमुख पात्र वृद्धआमाले आफ्नो रोगी जीवन लिएर छोराको माया, सद्भाव र आत्मीयताको लागि तड्पिनु परेको छ ।

यसरी एउटी वृद्धआमाले रोगी भएकै कारण बुढ्यौलीको त्यो चरम नाजुक अवस्थामा छोराबाट आत्मीयता पाउनुको सट्टा घृणा र तिरष्कारको सामना गर्नु परेको हुनाले 'आमा जानुहोस्' कथाले हाम्रो नेपाली समाजको वर्तमान सामाजिक संरचनामा विचलन ल्याएको कुरालाई प्रस्ट पार्नुका साथै सहरिया जीवन पद्धतिको कारुणिक तथा दारुण अवस्थालाई समेत प्रस्तुत गरेको छ । समग्रमा वर्तमान नेपाली समाजका नवपुस्ताका रूपमा रहेका सचेत र शिक्षित भनिएका सन्तानहरूबाटै जन्मदिने बाबुआमाहरू बढी पीडित बन्नुपरेको छ । प्रस्तुत कथा आजका नवपुस्ताले सहरमा बसेर जागिरे जीवन चलाउँदै घरगृहस्थी गर्ने गरेको भए तापनि यस पुस्ताले आफ्नो पारिवारिक दायित्व र मूल कर्तव्यलाई आत्मसात गर्न नसकिरहेको वास्तविक अवस्थाको चित्रण गर्न सफल भएको छ । त्यस कारण पनि सामाजिक यथार्थवादी कथाकार ठकुरीद्वारा लिखित प्रस्तुत कथा शैक्षणिक दृष्टिले समेत शक्तिशाली रहेको छ ।

## सन्दर्भसामग्री

आचार्य, कृष्णप्रसाद र बस्नेत, कृष्णबहादुर (२०६३), *आधुनिक नेपाली उपन्यास र कथा*, दीक्षान्त पुस्तक प्रकाशन ।

आचार्य, नरहरि र अन्य (२०६२), *नेपाली कथा भाग– १* (छै.सं.), साझा प्रकाशन ।

आचार्य, सुष्मा (२०६६), माया ठकुरीको आमा जानुहोस् कथा–एक विश्लेषण, *सम्प्रेषण* (अङ्क–६), पृ. ४१–४३ ।

घिमिरे, भवानी (२०६६), भूमिका, भित्र माया ठकुरी, *आमा जानुहोस्* (ते.सं.), पृ. ७–८, रत्न पुस्तक भण्डार ।

ज्ञवाली, रामप्रसाद (२०६६), भूमिका, भित्र माया ठकुरी, *आमा जानुहोस्* (ते.सं.), पृ. १५–१६, रत्न पुस्तक भण्डार ।

ठकुरी, माया (२०६६), *आमा जानुहोस्* (ते.सं.) रत्न पुस्तक भण्डार ।

पौड्याल, कृष्णविलास (२०७९), *आधुनिक नेपाली आख्यान*, नवीन प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६५), भूमिका, भित्र माया ठकुरी, *आमा जानुहोस्* (ते.सं.), पृ. १–२, रत्न पुस्तक भण्डार ।.

भण्डारी र अन्य (२०६६), *नेपाली गद्य र नाटक* (दो.सं.), विद्यार्थी पुस्तक भण्डार ।